**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०८ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. लङभ्यू चियाबारी ११ नोभेम्बर २०२४ देखि खोलिने भएको छ। आज प्रबन्धन पक्षवाट जारी गरिएको एक सुचना अनुसार मालिक अनि श्रमिक प्रतिनिधिहरुबिच सात बुँदे सम्झौता भएको छ।
२. दार्जीलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भाजपाए डुअर्सए तराई र दार्जिलिङ पहाडी क्षेत्रका जनताको कल्याण सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनु भएको छ ।
३. विश्व प्रसिद्ध अन्तर्राष्ट्रिय हिमालयन रन एन्ड ट्रेक प्रतियोगिता " हिमालयन एक सय माइल स्टेज रेसको ३३ औं संस्करण आगामी १० नोभेम्बर देखि शुरु हुने भएको छ
४. नेपाली नाटकको बृहत ग्रन्थ नेपाली नाट्य विमर्श आगामी १० नोभेम्बरको दिन गोर्खा दुःख निवारक सम्मेलनको आयोजनामा लोकार्पण हुन् गईरहेको छ।
५. फ्लो स्टेट च्यारिटेबल फाउन्डेसनको तत्वावधानमा आज देखि दार्जीलिङ्गको जय कम्प्लेक्समा तीन दिवसीय चित्रकला प्रदर्शनी आरम्भ भएको छ ।

**लङभ्यू चियाबारी**

अन्त त बन्द रहेको लङभ्यू चियाबारी 11 नोभेम्बर 2024 देखि खोलिने भएको छ। आज प्रबन्धन पक्षवाट जारी गरिएको एक सुचना अनुसार मालिक अनि श्रमिक प्रतिनिधिहरुबिच आठ बुँदे सम्झौता भएको छ। श्रमिक भवनमा आज डाकिएको संयुक्त बैठकमा बहुमत ट्रेड युनियनको सहमतिमा बन्द रहेको लङभ्यू कमान 11 नोभेम्बरदेखि खोलिने भएको हो । सम्झौता अनुसार 6% वोनस आगामी 9 नोभेम्बर सम्ममा श्रमिकको खातामा जमा गरिने तय भएको छ। गत 14 अक्टोबर देखि लङभ्यू चियाबारी बन्द रहेको थियो। बन्द रहनुको कारण अनुशासनहिनता अनि दैनिक कार्यमा हस्तक्षेप देखाइएको थियो। समस्यालाई सुल्झाउन 23 अक्टोबरका‍े दिन बैठक राखिएको थियो। तर त्यस बैठक असफल रहेको थियो। आज डाकिएको बैठकमा बगान खोलिने निर्णय उपस्थित बहुमत ट्रेडले सहमति दिएको थियो। अनसनको नेतृत्व गरिरहेको HPEU ले सम्झौतामा सही नगरेको बताइएको छ।

****** ० ******

**राजु विष्ट**

भाजपाका राष्ट्रिय प्रवक्ता एवम् दार्जीलिङका सांसद राजु विष्ट ले आज भाजपाका मदारीहाट विधानसभा क्षेत्रका उम्मेदवार राजीव लोहारको चुनाव प्रचार को क्रममा बडा हवदा, वीरपाडा लगायत मकरपाडा चिया बगानका मानिसहरूसँग भेटघाट र अन्तरक्रिया गर्नु भयो । श्री राजु विष्टले आफ्नो सम्बोधनको क्रममा भन्नु भयो भाजपाले एक प्रतिनिधि पठाउन खोजेको छ जसले चिया मजदुरहरूको हितको रक्षा गर्न सक्षम हुनेछ । उहाँले अघि भन्नु भयो कि माननीय प्रधानमन्त्री नरेन्द्र मोदी जी को नेतृत्वमा भाजपा डुअर्स, तराई र दार्जिलिङ पहाडी क्षेत्रका जनताको कल्याण सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध छन्। आजको चुनाव प्रचारका क्रममा उम्मेदवार श्री. राहुल लोहार काल्चिनी विधायक श्री. विशाल लामा , कुर्मारग्राम विधायक श्री. मनोज कुमार ओराव लगायत अन्य भाजपा नेताहरू र कार्यकर्ताहरूको व्यापक उपस्थिति रहेको थियो।

****** ० ******

**पश्चिम बंगाल-उप चुनाव**

पश्चिम बंगालको ६ वटा विधानसभा सीटमा हुन लागेको उपचुनावमा भाजपाले आरजी कार मेडिकल कलेजका कनिष्ठ डाक्टरको बलात्कार र हत्यालाई मुख्य मुद्दा बनाएको छ। यो घटना अगस्टमा भएको थियो र अब भाजपाले यसलाई आफ्नो चुनावी अभियानको आधार बनाएको छ।यो अभियानको नेतृत्व भाजपा प्रदेश अध्यक्ष सुकान्त मजुमदार र विपक्षी दलका नेता सुभेन्दु अधिकारीले गरिरहेका छन्। दुवै नेताले चुनावी सभामा महिला मतदातालाई यो घटना सम्झेर भोट हाल्न अपिल गरिरहेका छन्।

****** ० ******

**प्रश्नोत्तरी प्रतियोगिता**

गोर्खाल्यान्ड क्षेत्रिय प्रशासन प्राथमिक शिक्षा बिभागको आयोजनामा जीटीए क्षेत्र अन्तर्गत रहेका प्राथमिक पाठ्शालाका विद्यार्थीहरुलाई लिएर क्षेत्र स्तरीय अन्तर प्राथमिक पाठशाला प्रश्नोत्तरी प्रतियोगिता २०२४ आज स्थानीय गोर्खा रंगमञ्च भवन दार्जीलिङमा सम्पन्न गरियो। हिजो दार्जीलिङका अर्बन क्षेत्रका प्रथामिक पाठशालाका विद्यार्थीहरुलाई लिएर प्रतियोगिता सम्पन्न भएको थियो भने आज सदर क्षेत्रका जम्मा एघार वटा प्राथमिक पाठशालाका विद्यार्थीहरुलाई लिएर प्रतियोगिता सम्पन्न गरियो । जीटीएका विभिन्न क्षेत्रहरुमा सर्कल लेभलको प्रतियोगितामा छनौट भएका प्रतियोगीहरुलाई लिएर जीटीए स्तरको फाइनल प्रतियोगिता आगामी १४ नोभेम्बर राष्ट्रिय बाल दिवसको दिन गोर्खा रंगमञ्च भवन दार्जीलिङमा सम्पन्न हुने जिल्ला प्राथमिक पाठशाला परिषदका अध्यक्ष तिलक चन्द्र रोकाले जानकारी दिनु भएको छ ।

****** ० ******

**सर सफाई कर्मचारी- अनुपस्थित**

नगरपालिकाबाट सरसफाई कर्मचारीहरु आउन छोडेपछि गाउँवासीहरु मिलेर आफै मैला उठाउन बाध्य बनेका छन। केही समय अगाडि मिरिक नगरपालिकाको पहलमा घर घरमा मैला उठाउने सरसफाई कर्मचारीहरु पठाउने गर्थे जसले गर्दा मिरिक नगरपालिका भित्रका ९ वटा वार्डवासीहरुलाई धेरै सुविधा भएको थियो साथै गाउँ घर धेरै सफा हुन थालेको देखिन्थ्यो। तर अचानक सफाई कर्मीहरु आउन छोडेपछि मैला जताततै फ्याकिरहेको देख्नमा आएको छ। साथै गाडी रिर्जभ गरेर आफै यसरी मैला जम्मा गरेर फ्याक्न नगरवासीहरु बाध्य बनेको पनि देखिन्छ। के कारण सरसफाई कर्मचारीहरु अचानक आउन छोडे त भनी नगरपालिकालाई नगरवासीहरुले प्रश्न तेर्साएका छन्।

****** ० ******

**हिमालयन रन एन्ड ट्रेक प्रतियोगिता**

दार्जीलिङ पहाडको सिहलिला राष्ट्रिय उधान क्षेत्रको संस्कृति , पर्यावरणको संरक्षण एवं प्रबर्द्धन गर्ने उदेश्य राखेर बिगत १९९२ साल देखि प्रत्येक बर्ष आयोजना हुँदै आएको विश्व प्रसिद्ध अन्तर्राष्ट्रिय हिमालयन रन एन्ड ट्रेक प्रतियोगिता " हिमालयन एक सय माइल स्टेज रेसको ३३ औं संस्करण आगामी १० नोभेम्बर देखि शुरु हुने भएको छ ।यस आशयको जानकारी रेस निर्देशक सिएस पाण्डेले दिनुभएको छ। आज मिरिकमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुँदै श्री पाण्डेले प्रतियोगितामा जर्मनी , फ्रान्स , ब्रिटेन, अमेरिका , कनाडा , अफ्रिका, भारतका धावकहरुले भाग लिइरहेका छन् । बिश्वकै सर्वाधिक साहसिक अनि सुन्दर रेसको रुपमा परिचित यस रेसको शुरूवात मानेभञ्ज्याङबाट हुनेछ। श्री पाण्डेले यस पाँच दिवशीय रेसले पाँच चरणमा १६० किलोमिटर को दुरी तय गर्ने तथा रेसको समापन १४ नोभेम्बरको दिन हुने जानकारी दिनुभएको छ।

****** ० ******

**डयाम उद्घाटन**

पहाडमा हुने आपदालाई न्यूनीकरण गर्ने प्रमुख उदेश्यको साथमा अनुज्ञालय दार्जिलिङको मुख्य पहल तथा क्यारिटेज जर्मनीको सहयोगमा निर्मित बाँसको चेक ड्यामको बिहिवार कालेबुङ जिल्लाको भालुखोप ग्राम पञ्चायतमा अवस्थित गोर्खेली गाउँमा उद्घाटन गरियो। १५ दिनसम्म क्षेत्रवासीको समर्पण र कडा परिश्रमद्वारा निर्मित उक्त ड्यामको विधिवत रूपमा शुरूवात गरिएको हो।कार्यक्रममा क्षेत्रीय सभासाद विकास राई प्रमुख अतिथिको रूपमा उपस्थित थिए भने अनुज्ञालय दार्जिलिङका निर्देशक श्यामुएल लेप्चा, भालुखोप ग्राम पञ्चायतका प्रधान मनुप राई, लगायत भालुखोप आरोहण बहुउद्देश्यीय महिला सहकारी संस्था लिमिटेडका सदस्य तथा स्थानीय समुदायका प्रतिनिधिसहित ४५ जनाको सहभागिता रहेको थियो। यस परियोजनाले वातावरणीय लचिलोपन बढाउन र यस क्षेत्रमा दिगो समुदाय-आधारित समाधानहरू बढाउने दिशामा महत्त्वपूर्ण कदमको प्रतिनिधित्व गर्ने निर्देशक श्यामुएल लेप्चाले बताउनु भएको छ।

****** ० ******

**दार्जीलिङ्गमा चित्रकला प्रदर्शनी**

फ्लो स्टेट च्यारिटेबल फाउन्डेसनको तत्वावधानमा आज देखि दार्जीलिङ्गको जय कम्प्लेक्समा तीन दिवसीय चित्रकला प्रदर्शनी आरम्भ भएको छ। दार्जीलिङ ,कालेबोङ, सिक्किम अनि नेपालका लगभग २२ युवा चित्रकारहरुले यस चित्रकला प्रदर्शनीमा अंशग्रहण गरेका छन भने लगभग ६० भन्दा अधिक सुदूर चित्रकलाहरू प्रदर्शनीमा राखिएको छ।दार्जीलिङका विकरन फाउन्डेसन का संस्थापक साथै धावक बिक्रम राईको बाहुलीबाट यसको आज उद्घाटन गरियो। युवा चित्रकारहरूलाई प्रोत्साहन दिन आफ्नै बलबुतामा फ्लो स्टेट च्यारिटेबल फाउन्डेसनले यस चित्रकला प्रदर्शनीको आयोजना गरेको अनि सम्पूर्ण कला प्रेमीहरुलाई आएर हेरी थप प्रोत्साहन प्रदान गरिदिने अपिल फाउण्डेशनको तर्फ बाट माधव राईले गरेका छन।

****** ० ******

**मिरिक महकुमा अस्पताल- सफाई**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मिरिक महकुमा अस्पतालका जीटीए निरीक्षक एंव मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राई अनि भागोप्रमो मिरिक महकुमा युवा शक्ति अध्यक्ष उमेस तोलाङ्गीको नेतृत्वमा शुक्रबार युवा कार्यकर्ताहरूले मिरिक सरकारी अस्पताल परिसरमा व्यापक सफाई अभियान चलायो।यस अवसरमा अस्पताल परिसरमा थुप्रिएका फोहोर अनि प्लास्टिकहरूलाई संग्रह गरेर सुरक्षीत स्थानमा तह लगाँउने कार्य गरियो। यस अवसरमा बोल्दै सभासद मिलेस राईले अस्पताल मन्दिर सरह हो जसलाई सफा राख्ने दायित्व सबैको हो भनेर हामीले अस्पताल परिसरमा सफाई अभियान गरेको बताए।

****** ० ******

**नाटकको बृहत ग्रन्थ**

नेपाली नाटकको इतिहास, विकासक्रम अनि नेपाली नाट्य परम्पराको बिषय समग्रमा बोकेको नाटकको बृहत ग्रन्थ 'नेपाली नाट्य विमर्श' आगामी १० नोभेम्बरको दिन गोर्खा दुःख निवारक सम्मेलनको आयोजनामा सम्मेलनकै निजि भवनमा लोकार्पण हुन् गईरहेको छ। पोखराको नेपाली नाट्य प्रतिष्ठान संस्थाले प्राचार्य डा. रामचन्द्र पोखरेलको सम्पादनमा नाटकको बृहत ग्रन्थ 'नेपाली नाट्य विमर्श' प्रकाशित गरेको छ। यस कृतिले नेपाली नाटक माथि शोध गरिरहेका विद्यार्थीहरुलाई धेरै नै सहयोग पुग्ने साथै नेपाली नाटक सम्बन्धी महत जानकरी पाउने सम्मेलनका नाटक समितिका अध्यक्ष पेम्बा बम्जनले बताउनु भएको छ। दार्जीलिङका लोकप्रिय नाट्य कर्मीहरु क्रमैले पुकार गुरुङ , मेनुका प्रधान अनि कमला

लेम्चाले  पनि सम्पूर्ण नाट्य  कर्मी लगायत नाटक प्रेमी कला प्रेमीहरु लाई बिमोचन कार्यकर्ममा उपस्तिथ भईदिने निवेदन गरेका छन।

****** ० ******

**सन्त अल्फन्सेस प्राईमेरी स्कूल**

खरसाङको सन्त अल्फन्सेस प्राईमेरी स्कूलमा भव्यताको साथमा स्कूल मेला २०२४ सम्पन्न भएको छ। यस अवसरमा प्रमुख अतिथिको रुपमा जीटीएको एमओडी सभासद श्याम शेर्पा उपस्थित रहेका थिए। स्कूल मेलाको प्रथममा खरसाङको सन्त पावल चर्चको पल्ली पुरोहित पिटर जंघ लेप्चाद्वारा प्रार्थना गरेपछि मुख्य अतिथि सभासद श्याम शेर्पाद्वारा रिबन काटेर मेलाको शुरुवात गरिएको थियो। स्कूल पक्षबाट स्कूलको  प्रधान अध्यापिका सिस्टर ग्रोलिया मेरि एसी अनि शिक्षक अनि शिक्षिकाहरूद्वारा सभासद श्याम शेर्पालाई खदार्पण गरेर लगाएर स्वागत गरिएको थियो। स्कूल मेलामा विद्यार्थीहरूका लागि विभिन्न प्रकारका खेलहरु आयोजना गरिएको थियो भने जातीय खान-पानको धेरै दोकानहरु पनि उपलब्ध गरिएको थियो। यस अवसरमा सभासद श्याम शेर्पाद्वारा स्कूलकी प्रधान अध्यापिका, शिक्षक शिक्षिकाहरू अनि सम्पूर्ण विद्यार्थीहरूप्रति आभार प्रकट गर्दै शुभकामना र शुभेच्छा टँक्राएका थिए। उहाँले यस्तो मेला वर्षमा एकचोटि आयोजना गरिनु पर्ने आवश्यकता रहेको बताउनु भएको छ।

****** ० ******

**गोक जुनियर बेसिक स्कूल**

यस वर्ष पनि विजयी दशमीको छुट्टीमा गोक जुनियर बेसिक स्कूलका विद्यार्थीद्वारा पोलिथिनका टुक्राहरू प्लास्टिकका बोतलहरुमा खाँदेर संग्रह गर्ने कार्यक्रम गरियो। गोक जुनियर बेसिक स्कूलले हरक वर्ष विशेष विजयी दशमी र दीपावलीको छुट्टीमा पर्यावरण सम्बन्धी यो कार्यक्रम आयोजन गर्दै आईरहेको छ। यो संग्रह गर्ने कार्यक्रम विद्यार्थीहरु माझ प्रतियोगिताको रूपमा गरिएको शिक्षकद्वय कुमार शर्मा अनि रमेश लिम्बुले जनाए। यसवर्ष प्रथम उमङ्ग तामाङ १४७ बोतल, दोश्रो विशाल राई १०५ बोतल अनि तेश्रो अपूर्व लोहागण ५६ बोतल संग्रह गरेर तेश्रो भए। यसदिन स्कूलका प्रधान अध्यापक दीपक राई द्वारा विद्यार्थीहरुलाई पुरस्कार पनि प्रदान गरियो।

****** ० ******